राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# दि पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०४ | २०८३ साउन १ गते शुक्रवार (Friday, 17 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५




"बोल बम ! हर हर महादेव !!"

# हार्दिक निमन्त्रणा

नेपालको बाबाधाम एवं मधेसको कैलाश पर्वत

**टुटेश्वरनाथ धाम** (टुटेश्वरनाथ महादेव मन्दिर)

दर्शन एवं पूजा अराधनाका लागि समस्त श्रद्धालु भक्तजनहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं ।

**राजाराम यादव**, *अध्यक्ष*

टुटेश्वरनाथ महादेव मन्दिर व्यवस्थापन समिति

बर्दिबास न.पा.–५, टुटेश्वर (महोत्तरी)

राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०४ | २०८३ साउन १ गते शुक्रवार | (Friday, 17 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## मधेस प्रदेश सरकारको बजेट प्रमाणीकरण




द पब्लिक टुडे समाचारदाता

*गौशाला, असार ३२ गते ।*

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेट प्रमाणिकरण भएको छ । प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रदेशसभाबाट पास भएको बजेट सम्बन्धित विधेयक प्रमाणीकरण गरेका हुन् ।

प्रदेश प्रमुख कार्यालयका प्रवक्ता संजिप कुमार दुब्बेका अनुसार बिहीबार प्रदेश प्रमुख कर्णले आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यका लागि मधेस प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ तथा मधेस प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ प्रमाणीकरण गरेका हुन् ।

**मधेश सरकारको तर्फबाट अर्थमन्त्री युवराज भट्टराईले गत १ असारमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाखको बजेट ल्याएका थिए ।**

प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले असार १ गते बजेट प्रदेशसभामा प्रस्तुत गरेकोमा प्रतिपक्षी दलको अवरोधको कारण त्यसमा छलफल हुन सकेको थिएन तर सहमति जुटेपछि मंगलबार र बुधबार दुई दिन छलफल भएपछि बजेट सर्वसम्मतले पारित भएको भएको थियो ।

प्रदेश प्रमुख कर्णले बजेट सम्बन्धित विधेयक प्रमाणिकरण गरेसँगै आगामी आवमा बजेट खर्च गर्ने बाटो खुलेको छ ।

मधेश सरकारको तर्फबाट अर्थमन्त्री युवराज भट्टराईले गत १ असारमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाखको बजेट ल्याएका थिए ।

### असई थमन विक हत्या प्रकरण

## पूर्वसांसद कोइरीलाई सर्वोच्चको राहत



द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, असार ३२ गते ।*

पूर्वसांसद लक्ष्मी महतो कोइरी रिहा भएका छन् । सर्वोच्च अदालतको आदेशमा पूर्वसांसद थुनामुक्त भएका हुन् ।

पुनरावेदन गर्ने कानुनी समय बाँकी रहँदै जारी गरिएको पक्राउ पुर्जी र त्यसका आधारमा जारी भएको कैदी पुर्जी कानुनसम्मत नभएको ठहर गर्दै सर्वोच्चले बन्दी प्रत्यक्षीकरणको रिटमा उनको पक्षमा फैसला गरेको हो ।

न्यायाधीश कुमार रेग्मी र श्रीकान्त पौडेलको संयुक्त इजलासले बिहीबार बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै असार १८ गते जारी गरिएको पक्राउ पुर्जी र त्यसको आधारमा असार १९ गते जारी भएको कैदी पुर्जी उत्प्रेषणको आदेशद्वारा बदर गरेको हो । अदालतले अन्य कुनै मुद्दामा थुनामा राख्नुपर्ने अवस्था नरहे कोइरीलाई तत्काल थुनामुक्त गर्न आदेश दिएको थियो । उक्त आदेशसँगै कारागार कार्यालय जलेश्वरले पूर्व सांसद कोइरीलाई रिहा गरेको हो ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'असार १८ गते जारी भएको पक्राउ पुर्जी र सोही आधारमा जारी भएको असार १९ गतेको कैदी पुर्जी कानुनसम्मत रहेको नदेखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरिन्छ । अन्य मुद्दाबाट थुनामा राख्नुपर्ने अवस्था नरहे आजै निवेदकलाई थुनामुक्त गर्नु भनी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिएको छ ।'

कोइरीमाथि २०७२ भदौ २५ गते महोत्तरीको जलेश्वरमा मधेस आन्दोलनका क्रममा प्रहरी जवान थमन विकको हत्या भएको घटनामा मुद्दा चलेको थियो ।

उक्त मुद्दामा जिल्ला अदालत महोत्तरीले उनलाई सफाइ दिएको थियो । तर सरकारी पक्षले पुनरावेदन गरेपछि उच्च अदालत जनकपुरले २०८३ असार १७ गते जिल्ला अदालतको फैसला उल्ट्याउँदै उनलाई पाँच वर्ष कैद सजाय सुनाएको थियो ।

उच्च अदालतको फैसलाको पूर्णपाठ तयार भएर सार्वजनिक नहुँदै प्रहरीले असार १८ गते कोइरीलाई पक्राउ गरेको थियो । त्यसपछि उनका छोरा मनोजकुमार महतोले पक्राउ प्रक्रिया गैरकानुनी रहेको दाबी गर्दै सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेका थिए ।

सर्वोच्च अदालतले पुनरावेदन गर्ने कानुनी अवधि समाप्त नभइसकेको अवस्थामा पक्राउ पुर्जी जारी गर्नु न्यायोचित नभएको ठहर गरेको छ ।

अदालतले फैसला कार्यान्वयनका लागि नभई ज्यानसम्बन्धी कसुरको अनुसन्धानका नाममा 'जरुरी पक्राउ पुर्जी' जारी गरिएको देखिएको उल्लेख गरेको छ ।

तर उक्त पक्राउ पुर्जीमा कुन घटना, कुन कसुर वा के आधारमा अनुसन्धान गर्न पक्राउ गरिएको भन्ने विषय स्पष्ट रूपमा खुलाइएको नदेखिएको सर्वोच्चको निष्कर्ष छ ।

मिसिलमा समेत त्यससम्बन्धी पर्याप्त आधार र विवरण नदेखिएकाले पक्राउ पुर्जी नै कानुनी रूपमा टिक्न नसक्ने सर्वोच्च अदालतले जनाएको छ ।

यही आधारमा सर्वोच्चले पक्राउ पुर्जी र त्यसका आधारमा जारी गरिएको कैदी पुर्जी दुवैलाई बदर गर्दै कोइरीलाई तत्काल रिहा गर्न आदेश दिएको थियो ।


## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**यस युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेडका लागि तपसिलका पदहरुमा उर्जावान, लगशील र अनुभवी कर्मचारीहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | क्र.सं. | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | एच.आर. (HR) | १ | ११ | खरिद संयोजक (Logistics Coordinator) | १ |
| २ | लेखा सहायक (Acct. Assist) | २ | १२ | सुपरभाईजर (Supervisor) | १० |
| ३ | मार्केटिङ अफिसर (Markting Executive) | १ | १३ | चालक (Driver) | २ |
| ४ | इलेक्ट्रिसियन (Electrician) | १ | १४ | बिक्री तथा बजार व्यवस्थापक (Sales and Marketing Manager) | ५ |
| ५ | प्लम्बर (Plumber) | १ | | | |
| ६ | ल्याब प्राविधिक (Lab Technician) | १ | १५ | फिड अपरेटर (Feed Operation) | १ |
| ७ | ब्वाइलर अपरेटर (Boiler Operation) | १ | १६ | सुरक्षा गार्ड (Serurity Guard) | १ |
| ८ | साधारण कामदार (General Worker) | २० | १७ | सरसफाई कर्मचारी (Cleaner) | १ |
| ९ | पशु चिकिस्तक (Veterinarian) | १ | १८ | कार्यालय सहयोगी (Office Boy) | १ |
| १० | खरिद तथा आपूर्ति प्रबन्धक (Logistics Manager) | १ | १९ | कुक (Cook) | २ |
| | | | २० | स्टोर इन्चार्ज (Store in Charge) | २ |

**आवश्यक योग्यता तथा अनुभव :**

- सम्बन्धित पदमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
- प्राविधिक पदहरुका लागि सम्बन्धित विषयमा शैक्षिक योग्यता वा तालिम प्राप्त हुनुपर्नेछ ।
- इच्छुक उम्मेदवारहरुले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र कम्पनीको कार्यालय वा इमेलमार्फत आवेदन दिन सक्नेछ ।

सम्पर्क :

**युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेड**

गौशाला नगरपालिका-१, महोत्तरी, नेपाल

मो.नं. : ९७०२८२०५८०, ९८०१६७५२१२, ९८०१६७५२१६,

इमेल : careers.yuwaraniagro@gmail.com


## मधेसमा कांग्रेस-एमाले-नेकपा गठबन्धन कायमै रहने

द पब्लिक टुडे समाचारदाता

*गौशाला, असार ३२ गते ।*

मधेश प्रदेशमा तीन दलको गठबन्धन सरकारलाई निरन्तरता दिने निर्णय गरिएको छ। नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संसदीय दलका नेताहरूको संयुक्त बैठकले वर्तमान गठबन्धन सरकारलाई निरन्तरता दिने निर्णय गरेको हो ।



बैठकले नेपाली कांग्रेसका संसदीय दलका नेता तथा मुख्यमन्त्री कृष्णप्रसाद यादव, एमालेका संसदीय दलका नेता सरोजकुमार यादव र नेकपाका संसदीय दलका नेता एवं अर्थमन्त्री युवराज भट्टराईको नेतृत्वमा रहेको गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको जनाएको छ ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै अर्थमन्त्री तथा नेकपाका संसदीय दलका नेता भट्टराईले अन्य प्रदेशमा कांग्रेस र एमालेबिचको सहकार्य अन्त्य भए पनि मधेश प्रदेशमा यही राजनीतिक समीकरणलाई कायम राख्ने सहमति भएको बताए ।

उनले मधेश प्रदेशमा तीन दलबिचको सहकार्यलाई निरन्तरता दिने निर्णय भएको उल्लेख गर्दै एमालेसँगको सहकार्य नटुट्ने जानकारी दिए ।

नेता भट्टराईले एमाले सरकारबाट बाहिरिए मधेशकेन्द्रित दलको समर्थन लिएर सरकार टिकाउनुपर्ने अवस्था आउने भएकाले वर्तमान गठबन्धनलाई निरन्तरता दिने निष्कर्षमा दलहरू पुगेका जानकारी दिए ।

## सम्पादकिय............

# स्वास्थ्य अधिकारमा राज्यको परीक्षा

संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । तर संविधानको पानामा लेखिएको अधिकार नागरिकको जीवनमा अनुभूत हुन सकेको छैन । स्वास्थ्य बिमा कार्यक्रमको अवस्था यसको ज्वलन्त उदाहरण हो । बिमा स्वीकार नगर्ने स्वास्थ्य संस्थामाथि प्रभावकारी नियमन हुन नसक्दा उपचारको अधिकार पाएका नागरिकसमेत अस्पतालको ढोकाबाट निराश फर्किनुपर्ने अवस्था छ ।

मधेस प्रदेशमा स्वास्थ्य सेवाको चुनौती अझ गम्भीर छ । सरकारी अस्पतालमा बिरामीको चाप बढ्दो छ, तर त्यसअनुसार चिकित्सक, स्वास्थ्यकर्मी, उपकरण र औषधिको व्यवस्था हुन सकेको छैन । लामो प्रतीक्षा, कमजोर व्यवस्थापन र सीमित सेवा क्षमताले नागरिकलाई सामान्य उपचारका लागि पनि ठूला सहर वा राजधानी धाउन बाध्य बनाएको छ । सरकारी अस्पतालको सेवा कमजोर हुँदा नागरिक महँगो निजी स्वास्थ्य संस्थामा पुग्छन् । त्यसमाथि स्वास्थ्य उपचारमा थप करको भारले निम्न तथा मध्यम आय भएका परिवारको आर्थिक पीडा थप बढाएको छ । स्वास्थ्य सेवा विलासिता होइन, जीवनसँग जोडिएको आधारभूत अधिकार हो । त्यसैले उपचारलाई थप महँगो बनाउने नीति पुनर्विचार गर्नुपर्छ ।

समस्या समाधानको जिम्मेवारी कुनै एक तहको सरकारको मात्र होइन । संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको प्रभावकारी संस्कृति विकास नगरेसम्म मधेसको स्वास्थ्य क्षेत्रले अपेक्षित गति लिन सक्दैन । संघले आवश्यक नीति, जनशक्ति र स्रोतसाधन सुनिश्चित गर्ने, प्रदेशले विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्ने तथा स्थानीय तहले आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढ बनाउने स्पष्ट कार्यविभाजन आवश्यक छ । घरदैलो स्वास्थ्य सेवाको महत्वपूर्ण आधार बनेका महिला स्वास्थ्य स्वयंसेविकाको योगदानलाई पनि राज्यले उचित सम्मान र सामाजिक सुरक्षासँग जोड्नुपर्छ । वर्षौंको योगदानलाई केवल प्रशंसामा सीमित राखिनु अन्याय हो । अब स्वास्थ्य क्षेत्रमा घोषणा होइन, परिणाम चाहिएको छ । नागरिकको आय, रोजगारी र सामाजिक सुरक्षा बलियो बनाउँदै स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न सके मात्र मौलिक हक सार्थक हुनेछ । नागरिकले उपचारका लागि घर-जग्गा बेच्नुपर्ने अवस्था अन्त्य गर्नु नै राज्यको वास्तविक सफलता हो ।

## राशिफल

मेष - काममा जग बसाउने मौका छ ।
वृष - समाजमा स्थापित बनाउनेछ ।
मिथुन - काम प्रारम्भ गर्ने समय छ ।
कर्कट - सजिलै हराउन सकिनेछ ।
सिंह - उपहार प्राप्त हुने समय छ ।
कन्या - भविष्यमा फाइदा दिलाउनेछ ।
तुला - ध्यान पुर्‍याउनुहोला ।
वृश्चिक - काममा बाधा पुग्नेछ ।
धनु - बेवास्ता गर्दा दुःख पाइनेछ ।
मकर - काम प्रारम्भ गर्ने समय छ ।
कुम्भ - डरले सताउन सक्छ ।
मिन - समय फलदायी रहनेछ ।

### सत्ता समीकरणमा उलटफेर

# प्रचण्ड फर्केपछि टुंगिने छ प्रदेश सत्ता सहकार्यको मोडालिटी



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार ३२ गते ।*

नेकपा एमालेसँगको सहकार्य नेपाली कांग्रेसले तोडेपछि प्रदेशहरूमा नयाँ सरकार गठन प्रक्रिया अगाडि बढेको छ ।

मुख्यगरी सुदूरपश्चिम र कर्णाली प्रदेशमा नयाँ सरकार गठनबारे प्रक्रिया बढाइएको छ । कर्णालीमा एमालेका मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध बिहीबार कांग्रेस र नेकपाले अविश्वासको प्रस्ताव दर्ता गरेका छन् ।

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले बुधबार एमाले तर्फका सबै मन्त्रीलाई बर्खास्त गरेका थिए । आफ्ना मन्त्रीहरूलाई बर्खास्त गरेपछि एमालेले कांग्रेस नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिने निर्णय लियो ।

प्रमुख सत्ता साझेदार एमालेले समर्थन फिर्ता लिए लगत्तै नेकपाले आफ्नै नेतृत्वमा नयाँ सरकार गठनको पहल गर्ने निर्णय गरेको छ ।

प्रदेश संसदीय दलका नेता खगराज भट्टको अध्यक्षतामा बसेको बैठकले कांग्रेस नेता शाहलाई मुख्यमन्त्रीबाट मार्गप्रशस्त गर्न आग्रह समेत गरेको छ ।

अल्पमतमा परेका मुख्यमन्त्री शाहलाई मार्गप्रशस्तको आग्रह गरिए पनि नयाँ सत्ता समीकरण कसरी अगाडि बढ्छ भन्ने प्रष्ट छैन । ५३ सदस्यीय प्रदेश सभा रहेको सुदूरपश्चिममा कांग्रेस वा एमाले जोसँग मिले पनि नयाँ सरकार बन्छ ।

सात सांसद रहेको नाउपा अहिले नेकपामै समाहित छ। नाउपासहित जोड्दा नेकपासँग २२ सिट, कांग्रेससँग १८ र एमालेसँग ११ सिट छ । नेकपाका नेताहरू, नयाँ सरकार गठनबारे दुवै दलसँग छलफल भइरहेको बताउँछन् ।

'सकेसम्म तीन वटै दलहरू मिलेर सरकार बनाऔं भन्ने नीतिमा छौं,' नेकपाका प्रवक्ता प्रकाश ज्वाला भन्छन्, 'सुदूरपश्चिमको नेतृत्व लिने प्रदेश तहको निर्णय भएपनि सत्ता सहकार्यबारे टुंगो लागिसकेको छैन ।'

कांग्रेस र एमाले दुवैसँग सत्ता सहकार्यबारे छलफल भइरहेको उनी बताउँछन् । तर, एमाले स्रोतका अनुसार भने सुदूरपश्चिममा वाम सरकार बन्ने लगभग टुंगो लागिसकेको छ ।

'कांग्रेस र एमालेबीच खटपट भएको लामो समय भयो । कांग्रेसभित्रै पनि अहिलेको मुख्यमन्त्रीलाई निरन्तरता नदिने मत छ,' एमाले सुदूरपश्चिमका एक नेता भन्छन्, 'यहाँ नेकपालाई नेतृत्व मानेर जाने सम्भावना धेरै छ ।'

यद्यपि नेकपाका प्रवक्ता ज्वाला भने एमालेसँग सत्ता सहकार्य गर्ने सहमति भइनसकेको बताउँछन् । 'एमालेसँग मात्रै मिल्ने अथवा कांग्रेससँग मात्रै मिल्ने भन्ने हाम्रो नीति होइन,' उनी भन्छन्, 'छलफल दुवैतिर भइरहेको छ ।'

सुदूरपश्चिममा जस्तै कर्णाली प्रदेशको सरकार बदल्ने प्रक्रिया पनि अगाडि बढेको छ । एमाले नेता यामलाल कँडेल नेतृत्वको मन्त्रिपरिषद्बाट कांग्रेसका सबै मन्त्रीले बुधबार राजीनामा दिएका थिए ।

सरकारबाट बाहिरिएपछि कांग्रेस नेताहरूले नेकपासँग मिलेर मुख्यमन्त्री कँडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएका छन् । ४० सदस्यीय प्रदेश सभामा नेकपाले जोसँग सहकार्य गरे पनि बहुमत पुग्छ ।

कांग्रेससँग १४, नेकपासँग १३ र एमालेसँग १० सिट छ । यहाँ राप्रपासँग एक सिट र एक जना स्वतन्त्र सांसद छन् ।

स्रोतका अनुसार नेकपाले कर्णालीमा सरकारको नेतृत्व दाबी नगर्ने लगभग टुंगो लागेको छ । तर कांग्रेसलाई सरकार बनाउन समर्थनको निर्णय पनि भइसकेको छैन ।

'संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्ति मिल्नुपर्छ भन्ने हाम्रो नीति हो,' नेतृ पम्फा भुसाल भन्छिन्, 'संघीयतामाथि जसरी प्रश्न उठाइयो, त्यसले पनि हामीलाई मिल्नुपर्छ भन्ने दबाब छ ।'

नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढेको सुदूरपश्चिम र कर्णाली सरकार गठन गर्दा पनि तीनै दल मिल्नुपर्छ भन्ने नीति लिइने उनी बताउँछन् ।

नेताहरूका अनुसार पार्टी संयोजक पुष्पकमल दाहाल प्रचण्डले पनि यही प्रस्ताव कांग्रेस र एमाले नेतृत्वसँग राखेका छन् । 'श्रीलंका जाने अघिल्लो दिन पनि केपी ओली र गगन थापा दुवैसँग उहाँले कुरा गर्नुभयो,' नेकपाका एक शीर्ष नेता भन्छन्, 'पार्टीका अरु नेताहरूले पनि दुवै दलसँग समानान्तर छलफल गरिरहनु भएको छ ।'

तीनै दल मिल्नुपर्छ भन्नेमा एमाले र नेकपाका नेताहरूबीच समान मत देखिन्छ । ओलीले त कांग्रेस नेतृत्वसँग पटकपटक तीन वटै दल मिल्ने प्रस्ताव राख्दै आएका थिए । विशेषगरी सुदूरपश्चिम सरकारको नेतृत्व नेकपालाई दिनुपर्छ भन्ने प्रस्ताव ओलीको थियो । उच्च स्रोतका अनुसार कांग्रेस तयार नभए सातै प्रदेशमा वाम सरकार बनाउनेबारे ओली र प्रचण्डबीच लामै छलफल भइसकेको छ ।

'वाम मिल्नुपर्छ भन्नेमा उहाँहरू लगभग सहमत हुनुहुन्छ । यही कुराले कांग्रेसलाई अप्ठ्यारो परेको हुन सक्छ,' एमालेका एक पदाधिकारी भन्छन् ।

प्रदेशमा संयुक्त सरकार बनाउँदै पार्टी एकतासम्मै पुग्नेबारे ओली र प्रचण्डबीच संवाद भइरहेको छ । 'तत्काल पार्टी एकता नहुन सक्छ, तर त्यसको जग बनाउने काम प्रदेशको सहकार्यबाट हुन्छ भन्नेमा उहाँहरू हुनुहुन्छ,' उनी भन्छन् ।

यसरी सात बुँदे सहमतिले नचिन्ने प्रस्ताव ल्याउने, आलोपालो सहमतिको निर्णय कार्यान्वयन नगर्ने जस्ता उल्झन एमालेबाट आइरहेपछि कांग्रेसले प्रदेशहरूमा सत्ता सहकार्य तोड्ने निर्णय गरेको छ ।

तीन दल मिल्ने प्रस्तावमाथि छलफलै नगर्ने उसको निष्कर्ष छ । 'प्रदेश सरकारमा प्रतिपक्षी नै नहुनेगरी तीनवटै ठूला दल मिलेर सरकार बनाउनु अलोकतान्त्रिक हुन्छ,' सभापति थापा भन्छन्, 'यस्तो अवस्थामा बरु एमाले र माओवादी मिलेर सरकार बनाए हुन्छ, हामी सरकार बाहिरै बस्छौं । सत्तामा टिक्नका लागि जोसँग जे पनि सम्झौता गर्ने दिन अब गए ।'

यद्यपि नेकपासँग संयुक्त सरकार गठन गर्ने विकल्पमा कांग्रेस तयार देखिन्छ । कर्णालीका मुख्यमन्त्री कँडेलविरुद्ध विश्वासको प्रस्ताव दर्ता गर्न नेकपा सांसदहरूलाई साथ दिएर कांग्रेसले यो विकल्प खुला राखेको सन्देश दिएको छ ।

मधेश र गण्डकी प्रदेशमा कांग्रेसकै नेतृत्व कायम रहने सम्भावना देखिन्छ । एमाले र नेकपा बाहिरिँदा पनि कांग्रेस नेतृत्वको सरकारले बहुमत जुटाउन सक्ने स्थिति छ । बाँकी प्रदेशहरूमा भने एमालेसँग सत्ता सहकार्य तोडेर नेकपा र अरु दलहरूसँग मिल्ने कांग्रेसको मूड देखिन्छ । बरु सबैतिर विपक्षीमा बस्न तयार रहने नेताहरू बताउँछन् ।

अर्थात नयाँ राजनीतिक कोर्स कसरी अगाडि बढ्छ भन्ने प्रष्ट भइसकेको देखिँदैन । नेताहरूको नजर भने नेकपा र यसका संयोजक प्रचण्डतिर सोझिएको छ ।

तर प्रचण्ड अझै तीन दिन श्रीलंका नै हुनेछन् । एसियाली समाजवादी-वामपन्थीहरूको कार्यक्रममा भाग लिन बुधबार श्रीलंका गएका प्रचण्ड २ साउनमा मात्रै स्वदेश फर्कँदैछन् ।

'प्रचण्ड कमरेड नहुँदा पनि यहाँ अरु नेताहरूले छलफल गरिरहनु भएको छ । अरु पार्टीका नेताहरूसँग कुराकानी गरिरहनु भएकै छ,' नेकपाका एक नेता भन्छन्, 'तर उहाँ बिना नयाँ राजनीतिक कोर्सबारे निर्णय हुने कुरा त हुँदैन ।'

# सांसदहरूलाई स्वकीय सचिवको सुविधा दिने सरकारको निर्णय



द पब्लिक टुडे समाचारदाता

*गौशाला, असार ३२ गते ।*

सरकारले सांसदहरूलाई स्वकीय सचिवको सुविधा दिने निर्णय गरेको छ । पछिल्लो मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको हो । 'पहिले जे व्यवस्था थियो त्यसअनुसार हुने गरी निर्णय भएको छ,' उनले भनिन् ।

विगतमा पनि सांसदहरूले स्वकीय सचिवको सुविधा पाउने गरेका थिए । तर, यो सुविधा सुशीला कार्की नेतृत्वको अघिल्लो सरकारले खारेज गरेको थियो ।

त्यसबेला सरकारले संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ को अनुसूचीमा हेरफेर गरेर संसद्का स्वकीय सचिवको सुविधा खोसेको थियो ।

खर्च कटौती अन्तर्गत तत्कालीन सरकारले सांसदहरूले पाउँदै आएको स्वकीय सचिवको सुविधा खारेज गरेको हो ।

५ असोज २०८२ मा बसेको मन्त्रिपरिषद् बैठकले अनुत्पादक खर्च कटौती तथा मितव्ययिता कायम गर्ने भनेर विभिन्न निर्णय गरेको थियो । जसमा अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने निर्णय नेपाल सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार तथा सबै स्थानीय तहमा लागु हुने भनिएको छ । यसैका आधारमा सांसदहरूले पाउँदै आएको स्वकीय सचिवको पद खारेज भएको थियो ।

संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २५ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्ने उल्लेख छ ।

यही अधिकार प्रयोग गरेर सरकारले अनुसूची-२ को क्रमसंख्या २ र ३ मा हेरफेर गर्दै सांसदहरूले पाउँदै आएको स्वकीय सचिवको सुविधा खोसेको थियो । तर, यस्तो निर्णयप्रति त्यसबेलै संघीय संसद्का तत्कालीन पदाधिकारीहरूले असन्तुष्टि जनाएका थिए ।

२१ फागुनमा निर्वाचित भएर आएको प्रतिनिधिसभा सदस्यहरूले पनि यो विषय निरन्तर उठाउँदै आएका थिए । यस पृष्ठभूमिमा सरकारले सांसदहरूलाई स्वकीय सचिवको सुविधा दिने सरकारको निर्णय गरेको हो ।

वर्तमान सरकारले संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २५ अनुसार अनुसूचीमा हेरफेर गरेरै स्वकीय सचिवको सुविधा दिने व्यवस्था ब्युँताएको हो ।

यस सँगै अब सांसदहरूले स्वकिय सचिवको सुविधा पाउनेछन् । संघीय संसद् अन्तर्गत प्रतिनिधि सभा २७५ सदस्यीय र राष्ट्रिय सभा ५९ सदस्यीय छ ।

# 'संविधान संशोधन बहस पत्र' कार्यदलले बुझायो प्रतिवेदन

द पब्लिक टुडे समाचारदाता

*गौशाला, असार ३२ गते ।*



'संविधान संशोधन बहस पत्र' तयार गर्ने कार्यदलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आफ्नो प्रतिवेदन बुझाएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) का राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले बिहीबार प्रतिवेदन पेस गरेको हो ।

२०८२ चैत १६ गतेको मन्त्रिपरिषद् बैठकले कार्यदल गठन गरेको थियो । कार्यदलले चैत २५ गतेदेखि काम थालेको थियो ।

प्रतिवेदन तयार गर्ने क्रममा कार्यदलले २२ वटा औपचारिक र अन्य अनौपचारिक बैठकहरू सञ्चालन गरेको जनाएको छ ।

त्यस क्रममा पूर्वराष्ट्रपति, पूर्व प्रधानमन्त्री, विभिन्न राजनीतिक दलका नेतृत्व, संविधानविद्, कानूनविद्, पूर्वन्यायाधीश, पूर्वमहान्यायाधिवक्ता, पूर्वकानुन सचिव, पूर्वप्रशासक, विभिन्न क्षेत्रमा क्रियाशिल महिला, सञ्चारकर्मी र निजी क्षेत्रका प्रतिनिधिसहित १८४ जना विज्ञ व्यक्तिहरूसँग प्रत्यक्ष छलफल गरेको थियो ।

साथै संवैधानिक निकाय, महान्यायाधिवक्ताको कार्यालय, प्रदेश तथा स्थानीय सरकार, नेपाल बार एशोसिएसन, विभिन्न धार्मिक संघसंस्थाहरु लगायत १५० भन्दा बढी संघ-संस्थाहरूसँग लिखित सुझाव माग गरिएको कार्यदलले जानकारी दिएको छ ।

कार्यदलका अनुसार आमनागरिकको सुझावका लागि वेबसाइटमा सूचना प्रकाशन गरिएकामा स्वदेश तथा विदेशमा रहेका नेपालीहरूबाट इमेल र ह्वाट्सएपमार्फत कुल ४४ हजार ६१३ वटा डिजिटल सुझावहरू प्राप्त भएका थिए । साथै टेलिफोन र अन्य विद्युतीय माध्यमबाट पनि सुझावहरू संकलन गरिएका थिए ।

नेपालको संविधान निर्माणका ऐतिहासिक दस्तावेज, संविधानसभाका समितिका प्रतिवेदन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र नजिरहरूको अध्ययन गरी प्राप्त सुझावहरूलाई विभिन्न २० वटा विषय क्षेत्रमा वर्गीकरण गरेर कार्यकारी सारांशसहितको प्रतिवेदन तयार गरिएको कार्यदलले जनाएको छ ।

# भूमि प्रशासन कार्यालय गौशालाको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला महोत्तरी साविक सुन्दरपुर गा.वि.स. वडा नं.३ हाल सोनमा गा.पा. वडा नं.६ वस्ने नेवालाल राय यादवको नाती रामअशिष राय यादवको छोरा ना.प्र.नं. ९१०९३५४८ जारी मिति २०५४/०४/०२ को नागेन्द्र प्रसाद यादवले मेरो छोरा ज.ध. आदर्श कुमार अधिकारीको मिति २०७८/०४/२७ गते आफ्नो कालगतिले नवालक अवस्थामै मृत्यु भईसकेको हुदाँ निजको शेपपछि हक खाने नजिकको हकदार निजकै बुवा नागेन्द्र प्रसाद यादवले तपशिलमा उल्लेखित जग्गा मेरो नाउँमा एकलौटी नामसारी गरी पाउँ भन्नी यस कार्यायमा द.नं. ४३२७ मिति २०८२/११/०४ गतेको माग निवेदन सन्दर्भमा निवेदकले पेश गरेको संलग्न कागजात सोनमा गा.पा. ६नं. वडा कार्यालय मगरथानको च.नं. ४७५ मिति २०८२/१०/१५ को नामसारी सिफारिस, सोही वडाबाट सम्पन्न मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता, निवेदकको नागरिकता छायाँप्रति, सनाखत, ज.ध. पूर्जा, तिरो रसिद समेतको आधारमा मुलकी देवानी संहिता, २०७४ को दफा २३९को उपदफा (१) बमोजिम निजको अपुताली हक खाने नागेन्द्र प्रसाद यादवको नाउँमा एकलौटी नापसारी हुने सम्वन्धमा ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । तपशिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए सूचना प्रकाशन भएको मितिले वाटोको म्याद वाहेक ३५ दिन भित्र सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी वमोजिम नामसारी गर्न तर्फ कानून बमोजिम कारवाही भैजानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर वाजुर नलाग्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | सुन्दरपुर | १ग | ३२१ | ०-२-१९-० | ज.ध. आदर्श कुमार अधिकारी (नावालक) को बुवा नागेन्द्र प्रसाद यादवको नाउँमा एकलौटी नामसारी हुने । |
| महोत्तरी | सुन्दरपुर | १ग | ६६२ | ०-०-१७-० | |
| महोत्तरी | सुन्दरपुर | २क | २७५ | ०-१९-१८-० | |
| महोत्तरी | सुन्दरपुर | ३ख | ३८ | ०-३-१५-० | |
| महोत्तरी | सुन्दरपुर | ३ख | ४२६ | ०-२-१६-० | |
| महोत्तरी | सुन्दरपुर | ३ख | ४३६ | ०-१३-१७-० | |

# मिटरब्याजपीडित र सरकारबीचको पहिलो चरणको वार्ता सकारात्मक

## आज निर्णायक वार्ता, सम्झौतामा हस्ताक्षर हुने सम्भावना

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन १ गते ।*

मिटरब्याज विरुद्ध आन्दोलनरत पक्ष र सरकारबीच सिंहदरबारमा पहिलो चरणको औपचारिक वार्ता सम्पन्न भएको छ । दुवै पक्षले वार्तालाई सकारात्मक भएको बताएका छन् भने सहमतिका लागि शुक्रबार दोस्रो चरणको निर्णायक बैठक बस्ने भएको छ ।



वार्तामा सहभागी मिटरब्याजविरुद्ध किसान-मजदुर आन्दोलनको केन्द्रीय हेडक्वार्टर सदस्य लक्ष्मी घिमिरेले सरकारले आन्दोलनकारीका मागप्रति सकारात्मक रुपमा लिएको बताइन् ।

उनका अनुसार बुधबारको छलफल प्रारम्भिक चरणको भएकाले मागहरूबारे विस्तृत रूपमा भोलिको बैठकमा छलफल हुनेछ । दुवै पक्ष सहमतिमा पुग्ने प्रयासमा रहेको उनले जानकारी दिइन् ।

यसअघि बाराको निजगढमा पैदल मार्चमा रहेका आन्दोलनकारीसँग गृहमन्त्री सुदन गुरुङले प्रत्यक्ष वार्ता गरेका थिए । त्यहाँ सहमति हुन नसकेपछि दुवै पक्षलाई औपचारिक वार्ताका लागि सिंहदरबार बोलाइएको हो । सिंहदरबारमा भएको वार्तामा सरकारका प्रतिनिधि र मिटरब्याजविरुद्ध किसान-मजदुर आन्दोलनका प्रतिनिधिहरू सहभागी थिए ।जनकपुरबाट पैदल यात्रा सुरु गरी बाराको निजगढ आइपुगेका पीडितहरू सरकारसँग वार्ता गर्न सहमत भएपछि बिहिबार साँझ हवाई मार्ग हुँदै काठमाडौँ आइपुगेका हुन् ।

पीडित पक्षका प्रतिनिधिहरूलाई सिमरा विमानस्थलबाट काठमाडौँ ल्याउने प्रबन्ध गृह मन्त्रालयले मिलाएको थियो । गृहमन्त्री सुधन गुरुङले सिमराबाट पीडित पक्षको वार्ता टोलीका सदस्यहरूलाई विमान चढाएर काठमाडौँ पठाएका हुन् ।

पीडितहरूले अवधेश कुश्वाहाको संयोजकत्वमा वार्ता समिति गठन गरेका छन् । उक्त टोलीमा संयोजक कुश्वाहाका साथै मनोज कुमार पासमान, रिजन राना मगर, लक्ष्मी घिमिरे र किरण परियार सदस्य रहेका छन् ।

यसअघि बिहिबार बसेको मन्त्रिपरिषद् बैठकले मिटरब्याज प्रभावित नागरिकको माग सम्बोधन गर्नका लागि सरकारी वार्ता टोली गठन गरेको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव पुष्कर सापकोटाको संयोजकत्वमा गठित उक्त टोलीमा अर्थ, गृह, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिवहरू सदस्य रहेका छन् ।

जनकपुरबाट पीडितहरू पैदलै काठमाडौँतर्फ प्रस्थान गरेपछि सरकारले यस विषयमा चासो देखाएको थियो । जनकपुरबाट हिंडेको छैटौं दिनमा उनीहरू निजगढ आइपुगेका थिए । सरकारसँग वार्ता गर्न राजी भएपछि उनीहरूलाई सिमराबाट काठमाडौँ ल्याएर वार्ता प्रक्रिया अघि बढाइएको हो ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी ☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री